प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

**कर्णाली प्रदेश कार्यालय**

वीरेन्द्रनगर, सुर्खेत

## डिप्लोमा प्रमाणपत्र तहको वर्गीकृत (निःशुल्क) छात्रवृत्ति तर्फ रिक्त कोटा/सिटहरूमा भर्नाका लागि प्रशिक्षार्थी छनौट गरिएको सम्बन्धी अत्यन्त जरूरी सूचना

(सूचना प्रकाशित मितिः २०७७|११|०५ गते)

शैक्षिक सत्र २०७७/०७८ का लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरले मिति २०७७|०५|२६ गते र मिति २०७७|०६|१९ गते गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित डिप्लोमा तथा प्रमाणपत्र तहमा वर्गीकृत (निःशुल्क) छात्रवृत्ति छनौटका लागि आवेदन फाराम भर्ने सम्बन्धी सूचना अनुसार तोकिएको मिति र समय भित्र Online फाराम भरेका योग्य आवेदकहरू मध्येबाट डिप्लोमा तथा प्रमाण पत्र तहको प्रवेश परीक्षा सञ्चालन, छात्रवृत्ति वितरण एवं भर्ना सम्बन्धी निर्देशिका २०७४ (तेश्रो संशोधन) मा भएको व्यवस्था बमोजिम मिति २०७७|०७|२६ गते स्वास्थ्य तर्फका कार्यक्रमहरूमा र मिति २०७७|०७|२८ गते स्वास्थ्य बाहेकका कार्यक्रमहरूमा सफल उम्मेद्वारहरू छनौट गरी भर्नाका लागि शिक्षण संस्था समेत तोकी सिफारिश गरेकोमा विभिन्न शिक्षण संस्थाका केही कार्यक्रमहरूमा मुख्य उम्मेद्वारहरू भर्ना हुन नगई कोटा/सिट रिक्त रहन आएको जानकारी यस कार्यालयमा प्राप्त भए पश्चात पटक पटक यस कार्यालयले सूचना प्रकाशित गरी योग्यताक्रमानुसार वैकल्पिक उम्मेद्वारहरूलाई सिफारिश गर्दा समेत केही कार्यक्रममा केही कोटा/सिट रिक्त रहन गएकाले अन्तिम पटकका लागि यही मिति २०७७|१०|२८ गते सूचना प्रकाशन गरी वैकल्पिक सूचीमा रहेका उम्मेद्वारहरूलाई ७ (सात) दिनको समयसीमा तोकी यस कार्यालयमा निवेदन पेश गर्न सूचित गरे अनुसार तोकिएको समयसीमा भित्र रीतपूर्वक दर्ता हुन अएका निवेदकहरू मध्येबाट योग्यताक्रमानुसार छनौट गरी भर्नाका लागि शिक्षण संस्था समेत तोकी सिफारिश गरिएको व्यहोरा सूचित गरिन्छ।

छनौट भएका सफल उम्मेद्वारहरुले मिति २०७७|११|११ गते भित्र आफ्नो शैक्षिक योग्यताका प्रमाणपत्र, नागरिकता/जन्मदर्ता प्रमाणपत्र, सरकारी/सामुदायिक विद्यालयमा अध्ययन गरेको सिफारिस पत्र र लक्षित समूहको भए सो को सक्कल प्रमाणपत्रहरू तथा online आवेदन भर्दा प्राप्त भएको प्रवेशपत्र सहित सिफारिस गरिएको शिक्षण संस्थामा भर्ना भई सक्नुपर्नेछ। सम्बन्धित शिक्षण संस्थाहरूले यसै सूचनालाई आधार मानी उल्लेखित कागजातहरू रुजु गरी भर्ना गराउन र भर्ना भएका सम्पूर्ण प्रशिक्षार्थीहरूको रजिष्ट्रेशन फाराम मिति २०७७|११|१५ गते भित्र यस कार्यालयमा बुझाउनुहुन अनुरोध छ।

निर्देशक